# बेनीघाट रोराङ गाउँपालिका

# बजेट वक्तव्य

**बेनीघाट रोराङ गाउँपालिका**

**आ.ब. २०८३/०८४**

# बेनीघाट रोराङ गाउँपालिका गाउँसभाको १९ औं अधिवेशनमा गाउँपालिका उपाध्यक्ष श्री टाप बहादुर श्रेष्ठद्वारा प्रस्तुत

## आर्थिक वर्ष २०८३/०८४

# बजेट वक्तव्य

बेनीघाट रोराङ गाउँपालिका

विशालटार, धादिङ

२०८३, असार ०९

*बेनीघाट रोराङ गाउँसभाको १९औं अधिवेशनमा गाउँपालिकाका उपाध्यक्ष श्री टाप बहादुर श्रेष्ठद्वारा प्रस्तुत आर्थिक वर्ष २०८३/०८४ को आय व्यय विवरण (बजेट वक्तव्य)*

**श्रीमान् गाउँसभाका सभाध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरू,**

बेनीघाट रोराङ गाउँपालिकाको गरिमामय गाउँसभाको यस महत्वपूर्ण अधिवेशनमा गाउँपालिकाको उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्षको वार्षिक आय-व्यय विवरण प्रस्तुत गर्न पाउँदा गौरव र जिम्मेवारीको अनुभूति गरेको छु । यस अवसरमा सम्पूर्ण बेनीघाट रोराङवासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

राष्ट्रको सार्वभौमिकता, लोकतन्त्र, सामाजिक न्याय तथा समृद्धिका लागि भएका विभिन्न आन्दोलनहरूमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण वीर शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै लोकतान्त्रिक आन्दोलनका क्रममा योगदान पुऱ्याउनुहुने अग्रजहरू, घाइते तथा बेपत्ता योद्धाहरूप्रति उच्च सम्मान प्रकट गर्दछु ।

जनताको विश्वास र भरोसाको जगमा स्थापित स्थानीय सरकार आफ्नो दोस्रो कार्यकालको अन्तिम वर्षमा प्रवेश गरेको छ । यस क्षणमा हाम्रो नेतृत्वको स्थानीय सरकारलाई सफलीभूत बनाउन सहयोग गर्नुहुने गाउँ सभाका सबै सदस्यहरुको तर्फबाट सबै पक्षमा धन्यबाद ज्ञापन गर्दछु। निर्वाचनका क्रममा गरेका प्रतिबद्धतालाई व्यवहारमा उतार्दै सुशासन, सेवा प्रवाह, पूर्वाधार विकास, उत्पादन वृद्धि तथा सामाजिक रूपान्तरणमार्फत समृद्ध बेनीघाट रोराङ निर्माणको यात्रालाई हामीले निरन्तरता दिएका छौं ।

आर्थिक मन्दी, सीमित स्रोत-साधन, प्राकृतिक विपद् तथा बढ्दो जनअपेक्षाका बीच पनि गाउँपालिकाले आफ्नो विकास यात्रालाई अवरुद्ध हुन दिएको छैन। विषम परिस्थितिलाई अवसरका रूपमा ग्रहण गर्दै हामीले जनताको हित, आवश्यकताको सम्बोधन र दिगो विकासलाई केन्द्रबिन्दुमा राखेर कार्य सम्पादन गरिरहेका छौं ।

वर्षेनी दोहोरिने बाढी, पहिरो र प्राकृतिक प्रकोपले विकासका संरचना तथा जनजीवनमा पुऱ्याएको क्षति चुनौतीका रूपमा रहेको छ। तथापि उपलब्ध स्रोत, साधन र साझेदारीको अधिकतम परिचालनमार्फत विपद् व्यवस्थापन, पुनर्निर्माण तथा विकासलाई सँगसँगै अघि बढाउने प्रयास जारी राखेका छौं ।

उत्तरमा पवित्र त्रिशूली नदीदेखि दक्षिणमा महाभारत पर्वत श्रृंखलासम्म फैलिएको प्राकृतिक, सांस्कृतिक तथा सामाजिक विविधताले सम्पन्न बेनीघाट रोराङ गाउँपालिकालाई कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, पूर्वाधार तथा सुशासनको माध्यमबाट समुन्नत, आत्मनिर्भर र समावेशी गाउँपालिकाको रूपमा स्थापित गर्ने हाम्रो दृढ संकल्प रहेको छ ।

हामी विश्वास गर्दछौं कि जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल, निजी क्षेत्र, नागरिक समाज, सञ्चार जगत तथा सम्पूर्ण गाउँपालिकावासीको साझा प्रयास, सहकार्य र ऐक्यबद्धताबाट वर्तमान

चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्दै विकास, समृद्धि र सुखी बेनीघाट रोराङ निर्माणको लक्ष्य हासिल गर्न सकिनेछ ।

"समृद्ध, समावेशी र सुखी बेनीघाट रोराङको आधार : कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, सुशासन र पूर्वाधार" भन्ने मूल भावनालाई आत्मसात गर्दै जनताको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याउने उद्देश्यका साथ आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## गाउँसभाका सभाध्यक्षज्यू,

***अब म बेनीघाट रोराङ गाउपालिकाको आर्थिक बर्ष २०८३/०८४ को लागि वार्षिक आय व्याय (बजेट) पेश गर्ने अनुमति चाहन्छु ।***

आर्थिक वर्ष २०८१/०८२ मा कुल बजेट ***रु. ७१,८९,४१,९६१।- (अक्षरेपी एकहत्तर करोड उनान्नब्बे लाख एकचालिस हजार नौ सय एकसट्ठी मात्र)*** यथार्थ आय र ***रु. ६८,८६,३७,७७७- (अक्षरेपी अठसट्ठी करोड छयासी लाख सैतीस हजार सात सय सतहत्तर मात्र)*** खर्च भएको छ ।

आर्थिक वर्ष २०८२/०८३ मा कुल बजेट ***रु. ७९,७४,०८,८१३।- (अक्षरेपी उनान्असी करोड चौहत्तर लाख आठ हजार आठ सय तेह्र मात्र)*** आय भई सोही आय अनुसार खर्च हुने संशोधित अनुमान पेश गरेको छु ।

गाउँपालिकाको ***आर्थिक वर्ष २०८३/८४ मा चालु खर्च रु.५०,०८,७७,०००।- (अक्षरेपी पचास करोड आठ लाख सतहत्तर हजार रुपैंया मात्र)*** र ***पुँजीगत खर्च रु. ४१,९०,२३,०००।- (अक्षरेपी एकचालिस करोड नब्बे लाख तेइस हजार रुपैंया मात्र)*** गरी ***कुल रु. ९१,९९,००,०००।- (अक्षरेपी एकान्नब्बे करोड उनान्सय लाख रुपैंया मात्र)*** खर्च हुने अनुमान पेश गरेको छु । यसरी चालु तर्फ ५४.४५ प्रतिशत र पुँजिगत तर्फ ४५.५५ प्रतिशत खर्चको अनुमान देखिएको छ ।

## सभाध्यक्ष महोदय,

आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटको खर्च व्यहोर्ने श्रोतहरुमा नेपाल सरकारबाट प्राप्त हुने वित्तीय समानीकरण अनुदान ***रु. १५,८२,००,०००।- (अक्षरेपी पन्ध्र करोड बयासी लाख रुपैंया मात्र)***, सशर्त अनुदान ***रु. ३०,५४,००,०००।- (अक्षरेपी तीस करोड चउन्न लाख रुपैंया मात्र)***, बिशेष अनुदान ***रु. १,५६,००,०००।- (अक्षरेपी एक करोड छपन्न लाख रुपैंया मात्र)***, समपुरक अनुदान ***रु. ९७,००,०००।- (अक्षरेपी सन्तान्नब्बे लाख रुपैंया मात्र)*** र राजश्व बाँडफाँड ***रु. ११,४७,२३,०००।- (अक्षरेपी एघार करोड सतचालिस लाख तेइस हजार मात्र)*** गरी जम्मा ***रु. ६०,३६,२३,०००।- (अक्षरेपी साठी करोड छत्तिस लाख तेइस हजार मात्र)***, प्रदेश सरकारबाट वित्तीय सामानीकरण अनुदान ***रु. १,४७,१०,०००।- (अक्षरेपी एक करोड सतचालिस लाख दश हजार रुपैंया मात्र)***, सशर्त अनुदान ***रु. २,०३,५४,०००।- (अक्षरेपी दुई करोड तीन लाख चउन्न हजार मात्र)***, बिशेष अनुदान ***रु. ७०,००,०००।- (अक्षरेपी सत्तरी लाख मात्र)***, समपुरक अुनदान ***रु. १,६०,००,०००।- ( अक्षरेपी एक करोड साठी लाख मात्र)*** र राजश्व बाँडफाँड ***रु. ४,५८,७२,७२०।- (अक्षरेपी चार करोड अन्ठाउन्न लाख बहत्तर हजार सात सय बीस मात्र)*** गरी ***रु. १०,३९,३६,७२०।- (अक्षरेपी दश करोड उनान्चालिस लाख छत्तिस हजार सात सय बीस मात्र)*** आय हुने प्रक्षेपण गरेको छु । गाँउपालिकाको आन्तरिक स्रोत तर्फ स्थानीय

राजश्व बाँडफाँड ***रु. १,३१,००,०००।- (अक्षरेपी एक करोड एकतीस लाख मात्र)***, बैंक मौज्दात ***रु. ४,००,००,०००।- (अक्षरेपी चार करोड मात्र)*** र आन्तरिक आय ***रु. १५,९२,४०,२८०।- (अक्षरेपी पन्ध्र करोड बयान्नब्बे लाख चालिस हजार दुई सय असी मात्र)*** गरी जम्मा ***रु. ९१,९९,००,०००।- (अक्षरेपी एकान्नब्बे करोड उनान्सय लाख रुपैंया मात्र)*** को आय हुने प्रस्ताव गरेको छु। गाउँपालिकाको आन्तरिक आय अभिबृद्धि गर्न करको दायरालाई फराकिलो बनाउने, सहभागितामूलक कर नीति अवलम्बन गर्ने लक्ष्य सहित विभिन्न कर, शुल्क तथा दस्तुरहरुको प्रस्ताव गरेको छु।

बेनीघाट रोराङ गाउँपालिकालाई देशकै नमुना गाउँपालिकाको रुपमा स्थापित गर्ने परिकल्पनालाई साकार पार्न आवश्यक संस्थागत विकास तथा सुशासन, आर्थिक विकास, सामाजिक विकास, भौतिक पूर्वाधार बिकास, बन वातावरण तथा विपद व्यवस्थापनका क्षेत्रहरुलाई मुख्य प्राथमिकतामा राखी "सम्बृद्ध, समावेशी र सुखी बेनीघाट रोराङको आधार-कृषि, शिक्षा, स्वास्थ्य, उद्योग, सुशासन र पूर्वाधार" भन्ने सोचलाई साकार पार्न श्रीमान् अध्यक्षज्यू मार्फत गाउँ सभा समक्ष प्रस्तुत नीति तथा कार्यक्रमले निर्दिष्ट गरेका क्षेत्रहरुमा आवश्यक बजेटको प्रबन्ध मिलाएको छु।

## संस्थागत विकास तथा सुशासन

सुशासन, उत्तरदायित्व, पारदर्शिता र प्रभावकारी सेवा प्रवाहलाई संस्थागत गर्दै गाउँपालिकाका जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक बजेटको व्यवस्था गरेको छु। सार्वजनिक प्रशासनलाई समयानुकूल, प्रविधिमैत्री र नागरिकमैत्री बनाउँदै सेवा प्रवाहमा पारदर्शिता सुनिश्चित गर्ने, प्रक्रियागत जटिलतालाई सरलीकरण गर्ने तथा सेवाग्राहीले व्यहोर्नुपर्ने समय र लागतलाई न्यूनतम बनाउने उद्देश्यका साथ आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु।

सूचनाको हकलाई नागरिकको मौलिक अधिकारको रूपमा आत्मसात गर्दै गाउँपालिकाबाट सम्पादित गतिविधि, महत्वपूर्ण निर्णय, सार्वजनिक सूचना तथा असल अभ्यासहरूलाई नियमित रूपमा स्वःप्रकाशन गर्ने र वेभसाइट, सामाजिक सञ्जाल, बुलेटिन तथा सूचना पाटीमार्फत आम नागरिकसमक्ष सहज रूपमा पुर्‍याउने व्यवस्था गरेको छु।

गाउँपालिकाबाट सञ्चालन हुने योजना तथा कार्यक्रमहरूमा स्थानीय समुदायको अपनत्व र सहभागिता अभिवृद्धि गर्न लाभग्राहीको अनिवार्य श्रमदानलाई प्रोत्साहन गर्ने, साथै सार्वजनिक परीक्षण, सार्वजनिक सुनुवाइ तथा सामाजिक परीक्षणमार्फत जवाफदेहिता र पारदर्शितालाई थप सुदृढ बनाउने व्यवस्था मिलाएको छु।

टोल विकास संस्था, आमा समूह तथा सञ्जाल, कृषि समूह, बाल तथा युवा क्लब लगायत विभिन्न सामाजिक संस्थाहरूको परिचालनमार्फत सामुदायिक विकासमा नवीन ऊर्जा र सामाजिक जागरणको अभियानलाई थप सशक्त बनाउने प्रबन्ध गरेको छु।

***"छिटो सेवा, मिठो व्यवहार, सेवाग्राहीको सन्तुष्टि नै हाम्रो आधार"*** भन्ने मुल मर्मलाई स्थापित गर्न आधुनिक, सरल, सहज र विश्वसनीय प्रशासनिक प्रणालीको विकासका लागि आवश्यक संरचनागत तथा प्रविधिगत पूर्वाधारको व्यवस्था मिलाएको छु।

राष्ट्रसेवक कर्मचारीहरूमा सेवाभाव, व्यावसायिक दक्षता र कार्यसम्पादन क्षमताको अभिवृद्धि गर्दै गुणस्तरीय तथा प्रविधिमैत्री सेवा प्रवाह सुनिश्चित गर्न आवश्यकता अनुसार आन्तरिक तथा बाह्य अवलोकन भ्रमण, तालिम, गोष्ठी, सेमिनार तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

कर्मचारीहरूको मनोबल उच्च राखी नतिजामुखी कार्यसंस्कृतिको विकास गर्न गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तथा प्रमुख प्रशासकीय अधिकृत र मातहतका कर्मचारीहरूबीच कार्यसम्पादन करार सम्झौता गरी काम र उपलब्धिका आधारमा मूल्याङ्कन तथा प्रोत्साहन प्रदान गर्ने व्यवस्था गरिएको छ । कर्मचारीहरुको यस अघि प्राप्त सुविधालाई यथावत राखि तलवमा दश प्रतिशत थप तथा उत्कृष्ट कार्यसम्पादनलाई प्रोत्साहन गर्दै परिणाममा आधारित प्रोत्साहन भत्ताका लागि समेत आवश्यक बजेट विनियोजन गरेको छु ।

## आर्थिक बिकास

कृषि, पशुपन्छी विकास, उद्योग, पर्यटन, सहकारी, जलस्रोत तथा सिँचाइ र भूमि व्यवस्थापनलाई गाउँपालिकाको आर्थिक समृद्धिका प्रमुख आधारस्तम्भका रूपमा आत्मसात गर्दै उत्पादन, उत्पादकत्व, उद्यमशीलता र रोजगारी अभिवृद्धि गर्ने लक्ष्यका साथ आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरेको छु ।

गाउँपालिकाको समग्र आर्थिक उन्नयनको मूल आधार कृषि क्षेत्र नै भएकाले ***"व्यवसायिक कृषि, समृद्ध किसान, आत्मनिर्भर बेनीघाट रोराङ हाम्रो मिशन"*** भन्ने मूल भावनालाई व्यवहारमा रूपान्तरण गर्दै व्यवसायिक कृषि तथा पशुपालनलाई प्रवर्द्धन गरी स्वरोजगार र आत्मनिर्भर अर्थतन्त्र निर्माणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छु । स्थानीय रैथाने बालीको संरक्षण, प्राङ्गारिक खेती प्रवर्द्धन तथा कृषि क्षेत्रको आधुनिकीकरणलाई विशेष प्राथमिकतामा राखेको छु । युवाशक्तिलाई स्वदेशमै उत्पादन र उद्यमशीलतासँग जोड्ने उद्देश्यले बाँझो जग्गाको ब्यावसायिक उत्पादनमा अनुदानको व्यवस्था मिलाएको छु ।

वडा नं. ७ चाँपटारमा स्थापना भएको बाखा फार्मको दिगोपना, विस्तार तथा व्यावसायिक विकासका लागि आवश्यक बजेट विनियोजन गरेको छु । किसानहरूको आयस्तर अभिवृद्धि र जीवनस्तर सुधारका लागि खाद्यान्न, तरकारी, फलफूल, दुग्धजन्य तथा मासुजन्य उत्पादन वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकतामा राखेको छु । जैविक विविधताको संरक्षण, यान्त्रिकरण तथा खोर गोठ सुधारका कार्यक्रमलाई प्राथमिकतामा राखेको छु ।

***"एक घर, एक करेसाबारी"*** अभियानमार्फत पोक्षण सुधार तथा खाद्य सुरक्षालाई सुदृढ बनाउन आवश्यक कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाएको छु । कृषि उत्पादनलाई वर्षैभरि सुनिश्चित गर्न थोपा सिँचाइ, पलाष्टिक पोखरी तथा साना सिञ्चाई कार्यक्रमका लागि आवश्यक बजेट छुट्याएको छु ।

सहकारी क्षेत्रलाई उत्पादन, रोजगारी र आर्थिक समृद्धिको महत्त्वपूर्ण माध्यमका रूपमा विकास गर्न पालिकाभित्र क्रियाशील सहकारी संस्थाहरूको संस्थागत सुदृढीकरण तथा क्षमता विकासका कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट व्यवस्था गरेको छु । गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेका उद्योग तथा व्यवसायका सञ्चालकहरूको क्षमता अभिवृद्धि तथा उद्यमशीलताको विकासका लागि आवश्यक बजेट विनियोजन गरेको

छ । लघु उद्यमी तथा साना व्यवसायीहरूको व्यवसाय सुधार, क्षमता विकास र उद्यम सचेतना सम्बन्धी कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ ।

गाउँपालिकाभित्र रहेका धार्मिक, ऐतिहासिक, पुरातात्त्विक तथा प्राकृतिक सम्पदाले भरिपूर्ण पर्यटकीय क्षेत्रहरूको पहिचान, संरक्षण, पूर्वाधार विकास तथा प्रवर्द्धनलाई विशेष प्राथमिकतामा राखेको छ । पर्यटन व्यवसायी, स्थानीय समुदाय तथा सरोकारवालाहरूसँगको सहकार्य र साझेदारीमार्फत पर्यटन क्षेत्रलाई स्थानीय आर्थिक समृद्धिको महत्वपूर्ण आधारका रूपमा विकास गर्न आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्था गरेको छ ।

## शिक्षा, युवा तथा खेलकूद

मानव विकास, सामाजिक रूपान्तरण तथा समृद्ध समाज निर्माणको आधार शिक्षा नै हो भन्ने मान्यतालाई आत्मसात गर्दै शिक्षा क्षेत्रलाई उच्च प्राथमिकतामा राखी विभिन्न शैक्षिक कार्यक्रमहरूको कार्यान्वयनका लागि आवश्यक बजेटको व्यवस्था गरेको छ । ***"सीप बेचेर सम्मानपूर्वक बाँच्न सक्ने, श्रमलाई प्रतिष्ठाको विषय ठान्ने, पसिनामा गर्व गर्ने तथा आफैं अवसर सिर्जना गर्न सक्ने दक्ष र सक्षम जनशक्ति निर्माण"*** गर्ने लक्ष्यका साथ गाउँपालिकाभित्र रहेका शैक्षिक संस्थाहरूको भौतिक तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाएको छ ।

विद्यालय शिक्षाको आधारशिला मानिएका बालविकास शिक्षकहरूको योगदानको उच्च कदर गर्दै गाउँपालिकाबाट उपलब्ध गराईंदै आएको थप तलब तथा भत्ता सुविधामा थप गर्ने व्यवस्था मिलाएको छ । शैक्षिक उपलब्धि र नतिजाका आधारमा उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थीलाई सम्मानित गर्ने तथा विद्यालय सुशासनका विभिन्न सूचकहरूको प्रभावकारी कार्यान्वयनलाई प्रोत्साहन गर्ने व्यवस्था गरेको छ ।

प्राविधिक शिक्षा अध्ययनरत, आर्थिक रूपमा विपन्न, जेहेन्दार तथा सीमान्तकृत समुदायका विद्यार्थीहरूको शैक्षिक पहुँच सुनिश्चित गर्न छात्रवृत्ति कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ । गाउँपालिकाको गरिव, विपन्न, दलित तथा सिमान्तकृत वालवालिकाको शैक्षिक विकासको लागि प्रारम्भ गरिएको एकीकृत आवासीय विद्यालय निर्माण तथा सञ्चालन कार्यक्रमलाई थप व्यवस्थित र विस्तार गर्न प्रयाप्त बजेटको व्यवस्था गरेको छ । विद्यार्थी सङ्ख्याको अनुपातमा शिक्षक दरबन्दी न्यून रहेका विद्यालयहरूमा शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन आवश्यक शिक्षक व्यवस्थापन तथा पारिश्रमिकका लागि अनुदानको व्यवस्था मिलाएको छ ।

विद्यालयहरूको कार्यसम्पादन तथा गुणस्तर मापनका लागि सूचकमा आधारित स्वः तथा बाह्य मूल्याङ्कन तथा ग्रेडिङ प्रणालीलाई थप व्यवस्थित गर्न व्यवस्था मिलाएको छ ।

***"पढ्दै कमाउँदै, कमाउँदै पढ्दै"*** कार्यक्रमलाई थप प्रभावकारी बनाउँदै निरन्तरता दिएको छ । करार शिक्षक नियुक्तिकालागि शिक्षक बैंक स्थापना कार्यलाई निरन्तरता दिएको छ । ***"गाउँगाउँमा अभिभावक शिक्षा, घरघरमा समीक्षा"*** अभियानलाई थप प्रभावकारी बनाउँदै समुदाय, अभिभावक र विद्यालयबीचको सहकार्यलाई सुदृढ गर्ने कार्यक्रमलाई प्राथमिकता दिएको छ । गाउँपालिकास्तरीय विषयगत समितिहरूको सुदृढीकरण तथा युवा

जागरण एवं खेलकुद विकासका कार्यक्रमहरूलाई थप प्रभावकारी बनाउन आवश्यक प्रबन्ध मिलाएको छ। विद्यालयस्तरीय खेलकुद गतिविधिलाई व्यवस्थित र प्रतिस्पर्धी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु।

***"युवामा लगानी, विकासको सुनौलो विहानी"*** भन्ने मूल भावनालाई आत्मसात गर्दै युवाहरूमा नेतृत्व विकास, उद्यमशीलता, सिर्जनशीलता तथा सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्ने उद्देश्यले युवा लक्षित कार्यक्रमहरूको व्यवस्था गरेको छु। विदेश गएर फर्किएका युवाहरु, स्वदेशमा नै उद्यम गरिरहेका युवा व्यवसायिहरु तथा निर्वाचनको शान्ति सुरक्षामा खटिएका निर्वाचन प्रहरीहरुको ज्ञान, सीप र श्रोतको सदुपयोग गर्दै उनिहरुसंगको लागत साझेदारीमा विभिन्न कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको ब्यवस्था मिलाएको छु।

कला, साहित्य, भाषा, संस्कृति तथा मौलिक पहिचानको संरक्षण, संवर्द्धन र पुस्तान्तरणका लागि विभिन्न तालिम, प्रतियोगिता, अनुसन्धान तथा कार्यशालामूलक कार्यक्रम सञ्चालन गरिने व्यवस्था मिलाएको छु। बेनीघाट रोराङको बौद्धिक, साहित्यिक तथा सांस्कृतिक विकासलाई संस्थागत रूप प्रदान गर्न "बेनीघाट रोराङ प्रज्ञा प्रतिष्ठान" लाई ब्यवस्थित तथा प्रभावकारी बनाउनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## लैङ्गिक समता तथा सामाजिक समावेशीकरण

महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा सीमान्तकृत समुदायको सशक्तीकरण, संरक्षण र समावेशी विकासलाई सामाजिक न्यायको आधारका रूपमा आत्मसात गर्दै आवश्यक कार्यक्रम तथा बजेटको व्यवस्था गरेको छु। महिला समाजको आधा आकाश मात्र नभई परिवार, समाज र राष्ट्र निर्माणको महत्वपूर्ण शक्ति तथा बालबालिका राष्ट्रका भविष्यका कर्णधार र समुन्नत समाजका आधारस्तम्भ हुन्, भन्ने मान्यतालाई आत्मसात गर्दै बाल क्लब सञ्जाल तथा बाल अधिकार मञ्चलाई थप व्यवस्थित र प्रभावकारी बनाउने व्यवस्था मिलाएको छु।

महिला उद्यमशीलता, महिला सशक्तीकरण तथा महिला उत्प्रेरणा कार्यक्रममार्फत महिलाहरूको आर्थिक, सामाजिक तथा नेतृत्व क्षमताको विकास गर्दै आत्मनिर्भर र सक्षम महिला समुदाय निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेको छु। हाम्रो अनुभव, ज्ञान र संस्कृतिका जीवित सम्पदा ज्येष्ठ नागरिकहरूको सम्मान, संरक्षण तथा सामाजिक सुरक्षालाई उच्च प्राथमिकतामा राख्दै सामाजिक सुरक्षा तथा संरक्षणसम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट व्यवस्था गरेको छु।

पूर्ण अशक्तता भएका व्यक्ति तथा सत्तरी वर्ष उमेर पूरा गरेका ज्येष्ठ नागरिकहरूलाई घरदैलोमै नियमित स्वास्थ्य परीक्षण सेवा उपलब्ध गराउने व्यवस्था मिलाएको छु। अपाङ्गता भएका व्यक्तिहरूको सम्मानपूर्ण जीवनयापन, क्षमता विकास तथा सामाजिक सहभागिता अभिवृद्धिका लागि लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु।

बालअधिकारको संरक्षण, बालमैत्री वातावरण निर्माण तथा बाल सहभागितालाई संस्थागत गर्दै बेनीघाट रोराङ गाउँपालिकालाई बालमैत्री स्थानीय तहको रूपमा घोषणा गर्ने लक्ष्यसहित आवश्यक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाएको छु। आदिवासी जनजाति, दलित, महिला तथा बालबालिका लक्षित कार्यक्रम, सांस्कृतिक

संरक्षण तथा सामाजिक समावेशीकरणसम्बन्धी कार्यक्रमहरूलाई विशेष प्राथमिकताका साथ अघि बढाउने व्यवस्था गरेको छु ।सिमान्तकृत तथा विपन्न महिलाहरुको आय आर्जन सुधारको लागि सिपमुलक तथा आयमुलक कार्यक्रम सञ्चालनको ब्यवस्था मिलाएको छु ।

समाजमा मेलमिलाप, सद्भाव र सामाजिक न्यायको प्रवर्द्धन गर्न सामुदायिक मेलमिलापकर्ताहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक व्यवस्था मिलाएको छु । दिगो शान्ति, अमनचयन तथा सुरक्षित समाज निर्माणका लागि नेपाल प्रहरीसँगको सहकार्यमा सामुदायिक प्रहरी साझेदारी कार्यक्रमलाई थप प्रभावकारी बनाउने व्यवस्था गरेको छु ।

## स्वास्थ्य, सरसफाइ तथा खानेपानी

***"स्वस्थ नागरिक: समृद्ध गाउँपालिकाको आधार"*** भन्ने मान्यतालाई आत्मसात गर्दै कुपोक्षणमुक्त तथा पोक्षणमैत्री बेनीघाट रोराङ निर्माणका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गरेको छु । स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा कार्यरत विभिन्न निकायहरूसँग सहकार्य गर्दै स्वास्थ्य संस्थाहरूको सुदृढीकरण तथा स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक प्रबन्ध मिलाएको छु ।

मातृ तथा शिशु स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्दै पोक्षण सुधारका कार्यक्रमलाई थप प्रभावकारी बनाउने उद्देश्यले स्वास्थ्य सेवाको पहुँच, विस्तार तथा गुणस्तर वृद्धिका लागि आवश्यक बजेट विनियोजन गरेको छु । स्वास्थ्य संस्थाहरूमा एम्बुलेन्स सेवा सञ्चालन तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि चालु आर्थिक वर्षमा सञ्चालन गरिएका कार्यक्रमहरूलाई निरन्तरता दिएको छु ।

स्वच्छ र सुरक्षित खानेपानी प्रत्येक नागरिकको आधारभूत अधिकार हो, भन्ने मान्यता अनुरूप "एक घर, एक धारा" अभियानलाई थप प्रभावकारी रूपमा सञ्चालनको लागि बेनीघाट रोराङ ग्रामीण खानेपानी व्यवस्थापन बोर्ड मार्फत एकद्वार प्रणाली लागु गरी आवश्यक बजेट विनियोजन गरेको छु । गाउँपालिका भित्रका विभिन्न बस्तीहरूमा सञ्चालित साना खानेपानी आयोजनाहरूको मर्मत, संरक्षण तथा सञ्चालन मार्फत शुद्ध खानेपानीको दिगो पहुँच सुनिश्चित गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

खानेपानी, सरसफाइ तथा पोक्षणको क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरूसँग साझेदारीलाई विशेष प्राथमिकता दिँदै उपभोक्ताको जनस्वास्थ्यलाई मध्यनजर गरी खानेपानीको गुणस्तर परीक्षणका स्थापित मिनिल्याबलाई थप व्वस्थित बनाई गाउँपालिका भित्रका अधिकाम्श खानेपानीको गुणस्तर परीक्षणको व्यवस्था मिलाएको छु ।

## पूर्वाधार विकास

दिगो र व्यवस्थित पूर्वाधार विकासलाई समृद्धिको आधारशिलाका रूपमा आत्मसात गर्दै नयाँ सडक निर्माणभन्दा पनि विद्यमान सडक सञ्जालको स्तरोन्नति, संरक्षण तथा दिगोपनालाई प्राथमिकता दिएको छु । सडक निर्माण गर्दा निर्धारित मापदण्डको पूर्ण पालना सुनिश्चित गर्ने व्यवस्था मिलाएको छु ।

समुदायको माग र आवश्यकतालाई मध्यनजर गरी न्यून लागतमा अधिकतम लाभ पुग्ने साना पूर्वाधारका कार्यक्रमहरुलाई प्राथमिकतामा राखि आवश्यक बजेट व्यवस्था गरेको छु।सरकारी तथा सार्वजनिक पूर्वाधारको निर्माण गर्दा पूर्वाधारहरु वाल मैत्री तथा अपाङ्ग मैत्री हुने गरी निर्माणको व्यवस्था मिलाएको छु।

बजार क्षेत्रमा हुन सक्ने दुर्घटना तथा चोरी डकैतीको नियन्त्रणको लागि सि.सि.टि.भी जडान, नमुना गाउँहरुमा सोलार बत्ति जडानको कार्य प्रारम्भ गरिनेछ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

"एक टोल, एक चौतारी: बेनीघाट रोराङ सबैको फूलबारी" भन्ने अभियानलाई आत्मसात गर्दै प्रत्येक टोलमा चौतारी निर्माण तथा हरित वातावरण प्रवर्द्धनलाई निरन्तरता दिएको छु। जलाधार संरक्षणका लागि रिचार्ज पोखरी निर्माण तथा संरक्षण, सामुदायिक र सरकारी वनको संरक्षण तथा वृक्षारोपण अभियानका लागि आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

वन डढेलो नियन्त्रण, नदी तथा खोलाको कटान नियन्त्रण, जलवायु परिवर्तनका असर न्यूनीकरण तथा वातावरणीय संरक्षणसम्बन्धी कार्यक्रमहरूलाई प्राथमिकताका साथ सञ्चालन गर्ने व्यवस्था गरेको छु। सामुदायिक तथा कबुलियती वन क्षेत्रमा बाँस, निगालो, अम्रिसो तथा जडीबुटी खेती प्रवर्द्धन गर्दै वनको दिगो व्यवस्थापनमार्फत पशुपालक किसानहरूका लागि घाँस उत्पादन तथा आपूर्तिलाई सुनिश्चित गर्न विशेष कार्यक्रम सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

## सभाका सभाध्यक्षज्यू,

बेनीघाट रोराङ गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८३/०८४ को प्रस्तावित आय-व्यय विवरण, बजेट वर्गीकरण तथा कर, दस्तुर र शुल्क सम्बन्धी प्रस्तावहरू अनुसूचीहरूमा समावेश गरी यस सम्मानित गाउँसभा समक्ष पेश गरेको छु।

हामी सार्वभौमसत्ता सम्पन्न बेनीघाट रोराङका नागरिकबाट निर्वाचित जनताका सेवक हौं भन्ने यथार्थलाई हामीले गहिरोसँग आत्मसात गरेका छौं। यही आत्मबोध, उत्तरदायित्व र जनअपेक्षालाई केन्द्रमा राख्दै हामीले समृद्ध, समावेशी, न्यायपूर्ण र आत्मनिर्भर बेनीघाट रोराङ निर्माणको यात्रालाई निरन्तर अगाडि बढाइरहेका छौं।

बिभिन्न लेक, बेशी, डाडाँ, पाखा, कुना, कन्दरामा छरिएर रहेका फरक जात जाती, धर्म, बर्ण, लिङ्ग, भाषा, सस्कृतिको अनुपम फुलवारी हाम्रो गाउँपालिकाको मौलिक पहिचान, सामाजिक सद्भाव, सहिष्णुता, सांस्कृतिक ऐक्यबद्धता र आपसी भाइचाराको भावनालाई थप सुदृढ बनाउँदै यहाँ बसोबास गर्नुहुने सम्पूर्ण आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरूको जीवनमा समृद्धि, सुख र खुसीको अनुभूति दिलाउने दिशामा हामी दृढतापूर्वक प्रतिबद्ध छौं।

यस बजेटको तर्जुमा तथा तयारीका क्रममा अमूल्य सुझाव, सल्लाह, सहयोग र सहकार्य प्रदान गर्नुहुने गाउँपालिका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, बजेट तथा कार्यक्रम तर्जुमा समितिका सदस्यज्यूहरू,

राजस्व परामर्श समितिका सदस्यज्यूहरू, विषयगत समितिका संयोजक तथा सदस्यज्यूहरू, सम्पूर्ण वडा अध्यक्षज्यूहरू, कार्यपालिका सदस्यज्यूहरू, गाउँसभा सदस्यज्यूहरू, गाउँपालिकाका शाखा प्रमुख तथा राष्ट्रसेवक कर्मचारीहरू, स्वास्थ्य कर्मीहरु, शिक्षकवर्ग, समाजसेवी, बुद्धिजीवी, शिक्षाप्रेमी, सञ्चारकर्मी, उद्योगी, व्यवसायी, नागरिक समाज, विभिन्न संघसंस्था तथा सम्पूर्ण बेनीघाट रोराङवासीप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु ।

अन्त्यमा, प्रस्तुत बजेटको सफल कार्यान्वयनका लागि सबै सरोकारवालाको  रचनात्मक साथ, सहयोग र सक्रिय सहभागिता प्राप्त हुने पूर्ण विश्वास व्यक्त गर्दछु ।

आउनुहोस्, ***"समृद्ध, समावेशी र सुखी बेनीघाट रोराङ"*** निर्माणको साझा संकल्पलाई व्यवहारमा रूपान्तरण गर्दै सबल अर्थतन्त्र, गुणस्तरीय सेवा, सामाजिक न्याय र सुशासनयुक्त जनताको ढुकढुकी बन्ने गाउँपालिका निर्माणको गौरवपूर्ण यात्रामा हातेमालो गरौं । समृद्ध बेनीघाट रोराङ निर्माणको यस महाअभियानमा सम्पूर्ण महानुभावहरूलाई अर्थपूर्ण सहभागिताका लागि हार्दिक आह्वान गर्दछु ।

*धन्यवाद !*

*जय बेनीघाट रोराङ !*

## बेनीघाट रोराङ गाउँपालिका आर्थिक विधेयक, २०८३

**प्रस्तावनाः**

बेनीघाट रोराङ गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बेनीघाट रोराङ गाउँपालिकाको गाउँ सभाले यो विधेयक बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम “बेनीघाट रोराङ गाउँपालिका आर्थिक विधेयक, २०८३” रहेको छ ।
(२) यो ऐन २०८३ साल श्रावण १ गते देखि बेनीघाट रोराङ गाउँपालिका क्षेत्र भर लागू हुनेछ ।

२. **सम्पत्ती करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको जग्गा र त्यस्तो जग्गामा बनेको भौतिक संरचना (घर) मा स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम सम्पत्ती कर लगाइने र असूल उपर गरिनेछ।
(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ती करको दर अनुसूची-१ (क) मा उल्लेख भए बमोजिम हुनेछ ।
(३) यस दफा बमोजिम सम्पत्ती कर प्रयोजनका लागि जग्गा र घरको मूल्यांकन दर अनुसूची- १ (ख) तथा घरको ह्रास कट्टीको दर अनुसूची-१ (ग) मा उल्लेख भए बमोजिम हुनेछ ।

३. **भूमि कर (मालपोत)** (१) गाउँपालिका क्षेत्रभित्रका जग्गामा क्षेत्रफलको आधारमा मालपोत लगाइने र असूल उपर गरिनेछ ।तर दफा (२) बमोजिम सम्पत्ती कर लगाईएको जग्गामा भूमि कर (मालपोत) लगाईने छैन ।
(२) उपदफा (१) बमोजिम लगाइने मालपोतको दर अनुसूची – २ मा उल्लेख भए बमोजिम हुनेछ।

४. **घर जग्गा बहाल करः** (१) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्तिले घर, घरको छत, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिई प्राप्त गरेको आयमा बहाल कर लगाईने र असूल उपर गरिनेछ।
(२) उपदफा (१) बमोजिम लगाईने घर जग्गा वहाल करको दर अनुसूची – ३ मा उल्लेख भए बमोजिम हुनेछ।

५. **व्यवसाय करः** (१) गाउँपालिका क्षेत्रभित्र सञ्चालित उद्योग, व्यापार, व्यवसाय वा सेवामा व्यवसायको प्रकृति, पूँजी लगानी र आर्थिक कारोबारका आधारमा वर्गीकरण गरी व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।
(२) उपदफा (१) बमोजिम व्यबसाय कर असूली गर्दा बैंक तथा वित्तिय संस्था र सुपर मार्केट एवं अन्य व्यवसायको प्रत्येक कारोबार स्थलमा अलग अलग इकाई मानी कर असूली गरिनेछ ।
(३) यस दफा बमोजिम लगाइने ब्यावसाय करको दर अनुसूची – ४ मा उल्लेख भए बमोजिम हुनेछ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (कृषि तथा पशुजन्य वस्तुको व्यावसायकि कारोबारमा कर) १) गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले खोटो, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरे बापत अनुसूची– ५ बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ।

७. **सवारी साधन करः** (१) गाउँपालिका क्षेत्रभित्रका रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा जस्ता सवारी साधनको दर्ता र वार्षिक नवीकरणमा गाउँपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ।
(२) उपदफा (१) बमोजिम लगाइने सवारी साधन करको दर अनुसूची – ६ मा तोकिए बमोजिम हुनेछ।

८. **विज्ञापन करः** (१) गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचार प्रसार आदिका लागि राख्न दिने डिजिटल बोर्ड, साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।
(२) उप दफा (१) बमोजिम लगाइने विज्ञापन करको दर अनुसूची –७ मा तोकिए बमोजिम हुनेछ।

९. **मनोरञ्जन करः** (१) गाउँपालिकाले प्रदेश कानूनले तोके बमोजिमका सेवा र क्षेत्रमा सोही कानूनमा तोकिएको दरमा मनोरञ्जन कर लगाई असुल उपर गरिनेछ।

१०. **बहाल बिटौरी शुल्कः** (१) गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक, पर्ती वा ऐलानी जग्गालाई उपयोग गरी बनाइएका टहरा, छाप्रा वा पसल वा आवास तथा गाउँपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा सञ्चालन भएका पसलमा बहाल विटौरी शुल्क लगाई असूल उपर गरिनेछ।
(२) उपदफा (१) बमोजिम लगाइने बहाल विटौरी शुल्कको दर अनुसूची – ८ मा तोकिए बमोजिम हुनेछ

**११. ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्याफ्टिङ्ग शुल्कः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्ल्यायर तथा र्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरे बापत अनुसूची – ९ मा उल्लेख भए बमोजिमको दरमा शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१२. पुर्वाधार सेवाको उपयोग सेवा शुल्कः** (१) गाउँपालिकाले मलेखु ताल्ती (बेनीघाट रोराङ) सडकमा संचालन हुने सवारी साधनहरुमा अनुसूची – १० मा उल्लेख भए बमोजिमको दरमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ।

**१३. सडक उपयोग तथा सरसफाई शुल्कः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका प्राकृतिक स्रोतको व्यवसायिक रुपमा उपयोग गरे बापत अनुसूची – ११ मा उल्लेख भए बमोजिमको दरमा सडक उपयोग तथा सरसफाई शुल्क लगाइने र असूल उपर गरिनेछ।

तर दफा १८ को (१) वमोजिमको दहत्तर वहत्तर शेवा शुल्क संकलन भएको प्राकृतिक श्रोतमा सडक उपयोग तथा सरसफाई शुल्क लगाइने छैन।

**१४. सेवा शुल्क दस्तुरः** (१) गाउँपालिकाले निर्माण वा संचालन तथा व्यवस्थापन गरेका अनुसूची – १२ मा उल्लिखित स्थानीय पूर्वाधार वा सेवामा सेवाग्राहीबाट सोही अनुसूचीमा उल्लिखित दरमा सेवा शुल्क तथा दस्तुर लगाइने र असूल उपर गरिनेछ।

**१५. नक्सापास दस्तुरः** (१) गाउँपालिकाले गाउँपालिका भित्र निर्माण हुने घर टहराको नक्सापास गर्दा अनुसूची – १३ मा उल्लिखित दरमा नक्सापास दस्तुर लगाई असूल उपर गर्नेछ ।

(२) गाउँपालिका क्षेत्रका निर्माण सम्पन्न भै सकेका पूरानो संरचना अभिलेखिकरण गर्दा समेत अनुसूची – १३ मा उल्लिखित दरमा नक्सापास दस्तुर लगाई असूल उपर गर्नेछ।

**१६. सिफारिस तथा प्रमाणित दस्तुरः** (१) गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथावडाकार्यालय मार्फत उपलब्ध गराउने सिफारिस, प्रमाणित, इजाजत जस्ता प्रशासनीक सेवामा अनुसूची – १४ मा उल्लिखित दरमा सिफारिस तथा प्रमाणित दस्तुर लगाई असूल उपर गर्नेछ।

**१७. पञ्जिकरण दस्तुरः** (१) गाउँपालिकाले कार्यपालिकाको कार्यालय तथा वडाकार्यालय मार्फत गरिने पञ्जिकरण दर्तामा अनुसूची – १५ मा उल्लिखित दरमा पञ्जिकरण दस्तुर लगाई असूल उपर गर्नेछ।

**१८. बिक्री गर्न सक्नेः** (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको खोला नाला वा अन्य सार्वजनिक स्थलबाट वातावरणीय प्रभाव मूल्यांकन वा प्रारम्भिक वातावरणीय परिक्षणबाट तोकिएको परिमाणमा संकलन हुने ढुंगा, गिट्टी, बालुवा एवम् माटोजन्य वस्तुहरुमा अनुसूची-१६ मा उल्लेख भए बमोजिमको दरमा दहत्तर वहत्तर शुल्क लगाई असुल उपर गरिनेछ।

(२) गाउँपालिकाले नक्शापासका लागि आवश्यक निबेदन फाईल, वोलपत्र वा दरभाउ पत्र फाराम अनुसूची-१७ मा उल्लेख भए बमोजिमको दरमा विक्री गरि रकम असुल उपर  गरिनेछ।

(३) गाउँपालिकाले संचालन गरेको चौंपटार बाख्रा फार्मवाट उत्पादित खसी, वोका, वाख्रा, पाठी तथा मल अनुसूची-१८ मा उल्लेख भए बमोजिमको दरमा विक्री गरि रकम असुल उपर गरिनेछ।

(४) उपदफा (१) बमोजिमको ढुंगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुहरु विक्री गर्दा विक्रीको दर तथा उपलब्ध परिमाणका आधारमा कायम भएको न्यूनतम विक्री मूल्यमा ठेक्का बढावढ गरी गर्न सकिनेछ।

(५) उपदफा (१) बमोजिमको दहत्तर वहत्तर शुल्क यस ऐनमा उल्लेख भएको कुरा यसै ऐन बमोजिम र यसमा उल्लेख नभएकोमा बागमती प्रदेशको आर्थिक ऐन बमोजिम हुनेछ।

(६) उपदफा (३) बमोजिमको वाख्राका पाठा/पाठी गाउँपालिकाले कार्यपालिकाको निर्णयानुसार आय आर्जनको लागि विभिन्न समुहमा निश्चित अनुदानमा हस्तान्तरण गर्न सक्नेछ।

**१९. भाडामा लगाउन सक्नेः** (१) गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेका भवन, मेसिनरी तथा अन्य सम्पत्तीमा अनुसूची-१९ मा उल्लिखित दरमा भाडामा लगाउन सक्नेछ।

**२०. दण्ड जरिवानाः** (१) यस ऐन तथा अन्य प्रचलित कानून बमोजिम पालना गर्नुपर्ने कर्तब्य भएको व्यक्ति वा संघसंस्थाले कर्तब्य पालना नगरेमा वा गाउँपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा अनुसूची – २० मा उल्लिखित दरमा दण्ड जरिवाना लगाई असूल उपर गर्न सक्नेछ।

२१. **कर छुटः** (१) यस कार्यालयमा व्यावसाय दर्ता गरी विविध कारणले सञ्चालनमा नरहेका व्यावसायहरु नविकरण गरी सञ्चालन वा खारेजी गर्न चाहेमा दफा ५ वमोजिम लाग्ने व्यावसाय नविकरण शुल्कमा ५० प्रतिशत शुल्क छुट दिइ असुल उपर गरिनेछ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ती, वस्तु तथा कारोवारमा यस ऐन बमोजिमको कर लिईने छैन।

**स्पष्टीकरणः** लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, बृद्धाआश्रम, मठमन्दिर जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ।

**(३) बाधा अड्काउ फुकाउनेः** यस ऐनमा लेखिएका करका दरहरू कार्यान्वयन गर्दा कुनै व्यावहारिक कठिनाई वा अस्पष्टता आएमा गाउँ कार्यपालिकाले सोको व्याख्या गर्न वा राजस्व परामर्श समितिको सिफारिसमा दररेटमा आवश्यक परिमार्जन वा हेरफेर गर्न सक्नेछ, जसको अनुमोदन आगामी गाउँ सभाबाट गराउनु पर्नेछ ।

२२. **निःशुल्क सेवाः** यस ऐनमा अन्यत्र जे सुकै लेखिएको भए तापनि जेष्ठ नागरिक विपन्न वर्ग उपचार सिफारिस, अदालतको कोर्ट फि मिनाहा सिफारिस, छात्रवृत्ति सिफारिस, जिल्ला जनस्वास्थ्य कार्यालयमा गरिने सिफारिसहरु, नाबालक परिचयपत्र सिफारिस, नेपाली नागरिकता प्रमाणत्र सिफारिस, आदिवासी जनजाती दलित प्रमाणित सिफारिस र राहत सम्बन्धीको सिफारिस तथा प्रमाणित र वडा कार्यालयबाट कार्यपालिकाको कार्यालय समक्ष गरिने सिफारिसहरु निःशुल्क गरिने छ।

२३. **कार्यविधि बनाउन सक्नेः** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि गाउँपलिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका गाउँ कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भएपछि लागु हुनेछ।

२४. **प्रचलित कानुन बमोजिम हुनेः** यस ऐनमा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

**अनुसूची-१ (क)**
**(दफा २ को उपदफा (२) संग सम्बन्धित)**
**सम्पत्ती करको दर**

| सम्पत्तिको मूल्य | बार्षिक दर |
|---|---|
| दश लाख रुपैयाँ सम्मको मूल्यांकनमा | एक मुष्ठ रु. १०० |
| एघार लाख देखि पचास लाख रुपैयाँ सम्म | प्रति लाख रु. ८ |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँ सम्म | प्रति लाख रु. ११ |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँ सम्म | प्रति लाख रु. १३ |
| दुई करोड एक लाख रुपैयाँ देखि तिन करोड रुपैयाँ सम्म | प्रति लाख रु. १८ |
| तिन करोड एक लाख रुपैयाँ देखि पाँच करोड रुपैयाँ सम्म | प्रति लाख रु. २१ |
| पाँच करोड एक लाख वा सो भन्दा माथि | प्रति लाख रु. २५ |

मुल्यांकन रकमलाई रु. लाखमा (Round Figure) मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

नोटः

- ✓ सम्पत्ति कर निर्धारणका लागि सम्पत्ति धनिले तोकिएको ढाँचामा सम्पत्तिको विवरण खुलाई गाउँपालिकाले तोकेको स्थानमा पेश गर्नुपर्दछ ।
- ✓ सम्पत्ति धनिले प्रत्येक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्ष भित्र भुक्तानी गरिसक्नु पर्नेछ ।
- ✓ करदाताले झुट्टा विवरण दाखिला गरेको प्रमाणित भएमा निजको सम्पत्तिको पुनः कर निर्धारण गरी जरिवाना सहितको कर रकम असुल उपर गरिनेछ र यस्तो जरिबाना लुकाएको सम्पत्तिमा लाग्ने करको तेब्वर रकम बराबर हुनेछ ।

- ✓ बक्यौता कर (बक्यौता मालपोत तथा घर जग्गा वा घरधुरी कर समेत) भुक्तानी गर्दा बक्यौतामा करको प्रतिवर्ष पन्ध्र प्रतिशतले हुन आउने रकम बराबर जरिवाना लिई कर असुल उपर गरिनेछ।
- ✓ सम्पत्ती विवरण दाखिला गर्न तोकेको म्याद भित्र विबरण दाखिला नगर्ने करदातालाई तोकिएको दरमा विलम्ब शुल्क लाग्नेछ ।

**अनुसूची- १ (ख)**

**(दफा २ को उपदफा (३) संग सम्बन्धित)**

**जग्गाको मूल्यांकन दर**

**मालपोत कार्यालय धादिङले रजिष्ट्रेशन पास निमित्त गाउँक्षेत्रमा निर्धारण गरेको न्युनतम मुल्याङ्कन (दररेट) रकम।**

**घरको मूल्यांकन दर**

| घरको बनोट | मूल्यांकन प्रतिवर्ग फिट रु. |
|---|---|
| आर.सि.सि. फ्रेम स्टक्चर | २००० |
| सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना | १२०० |
| सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता टायलको छाना | ८०० |
| प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना | ७०० |
| जस्ता वा टायलको छाना भएको | ५०० |
| काठको घर | २०० |
| अन्य कच्ची घर | १०० |

**नोटः** माथि उल्लेखित बाहेक अन्य किसिमका संरचना भएमा लागतको आधारमा मिल्दो जुल्दो प्रकार तथा वनोटमा उल्लेखित दरको आधारमा मूल्यांकन गरिनेछ।

**अनुसूची- १ (ग)**

**(दफा २ को उपदफा (३) संग सम्बन्धित)**

**घरको ह्रास कट्टी दर**

| वनोटको किसिम | ह्रासकट्टी दर |
|---|---|
| आर.सि. सि. फ्रेम स्टक्चर भएको भवन वा गोदाम | वार्षिक १.५ प्रतिशतका दरले ६० बर्ष सम्म |
| सिमेण्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो भई आर.सि.सि. छाना भएको भवन वा गोदाम | वार्षिक २ प्रतिशतका दरले ४५ बर्ष सम्म |
| सिमेन्ट वा माटोको जोडाईमा इट्टा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना भएको भवन वा गोदाम | वार्षिक ३ प्रतिशतका दरले ३० बर्ष सम्म |
| प्रि फ्याब तथा जस्ताले बनेको भित्ता र टिनको छाना भएको | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| जस्ता वाटायलको छानाभएको सेड | वार्षिक ५ प्रतिशतका दरले १८ वर्ष सम्म |
| काठको वा अन्य कच्चि घर | वार्षिक १० प्रतिशतका दरले ९ बर्ष सम्म |

**अनुसूची-२**

**(दफा ३ को उपदफा (२) संग सम्बन्धित)**

**भूमी कर (मालपोत)**

| सि.नं. | जग्गाको किसिम | दर रु).प्रति रो(. |
|---|---|---|
| १ | उद्योग/फर्मको नाममा भएको जग्गाहरु | ५०० |
| २ | राजमार्ग क्षेत्रका जग्गाहरु | १५० |
| ३ | वडा नं. ३,५,७,९ को पृथ्वी राजमार्ग नजिक कच्चि सडकमा जोडिएको जग्गा | ८० |
| ४ | वडा नं. ३,५,७,९ का राजमार्ग वाट १ कि.मी भन्दा टाढाको कच्चि सडकमा जोडिएको जग्गा | ५० |

| | | |
|---|---|---|
| ५ | वडा न १, २, ४, ६, ८, १० को कच्चि सडकले छोएका जग्गाहरु | ५० |
| ६ | वडा नं. ३, ५, ७, ९ को सडकमा नजोडिएको जग्गा | ४० |
| ७ | वडा न १, २, ४, ६, ८, १० को कच्चि सडकले नछोएका जग्गाहरु | ३० |
| ८ | प्रति रसिद न्यूनतम् रु. ५० लाग्ने | |

**अनुसूची – ३**

**(दफा ४ को उपदफा (२) संग सम्बन्धित)**

**घर जग्गा बहाल करको दर**

| घर तथा जग्गा भाडामा लिने | वार्षिक करको दर | कैफियत |
|---|---|---|
| १) घर जग्गा बहाल कर | बुझिलिएको भाडा रकमको १० प्रतिशत | |

**अनुसूची – ४**

**(दफा ५ को उपदफा (३) संग सम्बन्धित)**

**ब्यबसाय कर**

क. निम्न व्यवसायमा निम्नानुसार दर्ता तथा बार्षिक व्यावसाय कर लिईनेछ ।

| क.सं | व्यवसायको किसिम | ब्यावसाय कर | |
|---|---|---|---|
| **१.** | **पूजि लगानीको आधारमा** | **दर्ता दस्तुर** | **नविकरण दस्तुर** |
| १.१ | एक लाख सम्म पुँजी लगानी भएका | १००० | ५०० |
| १.२ | एक लाख देखि पाँच लाख सम्म | २००० | १००० |
| १.३ | रु पाँच लाख देखि बिस लाख सम्म | ५००० | २५०० |
| १.४ | रु बीस लाख देखि पचास लाख सम्म | १०००० | ५००० |
| १.५ | रु पचास लाख देखि एक करोड सम्म | २०००० | १०००० |
| १.६ | रु एक करोड भन्दा माथि | ३०००० | १५००० |
| २. | विविध उद्योग, सेवा, -पूजीं जति भएता पनि) दर्ता/ सुचिकृत/बार्षिक कर | दर्ता/सुचिकृत /शिफारिस | वार्षिक कर |
| २.१ | सिमेन्ट उद्योग | ५००००० | ५००००० |
| २.२ | स्थानीय कच्चा पदार्थ उपयोग गरि संचालित इट्टा उद्योग | २०००० | २०००० |
| २.३ | वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने उद्योग (फिरफिरे) | ५०००० | ५०००० |
| २.४ | आसफाल्ट प्लान्ट | १००००० | ३००००मासिक |
| २.५ | अन्य प्लान्ट | ३०००० | २००००मासिक |
| २.६ | वालुवा, ढुङ्गा जस्ता खानी जन्य पदार्थ प्रसोधन गर्ने उद्योग (क्रशर) | १००००० | १००००० |
| २.७ | बिद्युतिय सवारी चार्जिङ स्टेशन | १५००० | १५००० |
| २.८ | ग्यास रिफिलिङ उद्योग | ५०००० | ५०००० |
| २.९ | क वर्गका वित्तिय सस्था | १५००० | १५००० |
| २.१० | ख वर्गका वित्तिय सस्था | १२००० | १२००० |
| २.११ | ग वर्ग तथा सो भन्दा साना वित्तिय सस्था | १०००० | १०००० |
| २.१२ | लघुवित्त (वित्तिय सस्था) | ८००० | ८००० |
